नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २८१ २०८१ साल असार १ गते शनिबार (15 June 2024 Saturday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सामुहिक तरकारी खेतीबाट... ३ पृष्ठमा : अवैध व्यापार रोक्न भ्याट ... ३ पृष्ठमा :हुथी समुहद्वारा ढुवानी...

# पाँच वर्षदेखी पशु झैं मानव फलामे सिक्रिमा





*तस्बिर : राजविराज दैनिक*

१. फलामे सिक्रिमा बाँधिएका २२ वर्षिय प्रविण । २. सप्तरीको शम्भुनाथ नगरपालिका ७ निवासी ६० वर्षिया एकल महिला एश्वरी देवी चौधरी फलामे सिक्रिमा बाँधिएका आफ्नो २२ वर्षिय छोरा प्रविणका साथमा ।

**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

एक महिलाले सुस्तमनस्थिति भएका आफ्नो छोराको औषधी उपचार गराउन नसकेर फलामे सिक्रिमा बाँधेर राख्न बाध्य भएकी छिन ।

सप्तरीको शम्भुनाथ नगरपालिका ७ निवासी ६० वर्षिया एकल महिला एश्वरी देवी चौधरी आफनो माइला छोरा २२ वर्षिय प्रविणलाई बिगत ५ वर्षदेखी यसरी फलामे सिक्रिमा बाँधेर राख्न बाध्य भएकी हुन् ।

आर्थिक अभावका कारण औषधी उपचार गर्न नसकेर बिगत ५ वर्ष देखी खुट्टामा सिक्री बाँधेर छोरालाई राख्नु परेको आमा एश्वरीको भनाइ छ । सुस्त मनस्थिती भएका छोरालाई चोटपटक नलागोस् र बाहिर गएर झैगडा नगरोस् भनेर सिक्रीमा बाँधेर घर भित्र राख्ने गरेको उनले बताइन् ।

१७ वर्षको उमेर हुदा अचानक छोरा सुस्त मनस्थिती रोगले पीडित भएको उनको भनाई छ । सो विपतले आफूलाई परेको तनाव कम नहुँदै त्यसको केही दिनपछि नै जेठो छोरा रविन पनि बेपत्ता भएको उनले बताइन् । रवीनको अवस्था हालसम्म अज्ञात छ ।

कान्छो छोरा संतोष भने हाल काठमाडौंमा ज्याला मजदुरी गर्दै आएका छन् । एउटा छोरा सुस्त मनस्थितीले विरामी र अर्को वेपत्ता भएपछि शोकमा डुबेका बुबा परशुराम चौधरीको २०७७ साल चैत २६ गते निधन भएपछि चौधरी परिवारमा अर्को विपत्ति आइपऱ्यो । छोराहरुको शोक मै उनको निधन भएको एश्वरी बताउँछिन । परिवार चलाउने एकमात्र अभिभावक पनि नरहेपछि घर व्यवहार चलाउन समस्या भएको उनले बताईन ।

प्रविण बाँधेकै स्थानमा शौच गर्छन । हातखुट्टा राम्रोसंग नचल्ने भएकाले आमाले नै नुहाई धुवाई, लुगा फेर्ने र खाना खुवाइ दिने सम्मको काम गर्न परेको छ । ५ वर्षको अवधिमा एक पल्ट सिक्री खोल्दा भागेको र एक जना गाउँलेलाई लट्ठीले हिर्काएर घाइते बनाइदिएपछी २४ सैं घण्टा बाँधेर राख्न थालिएको उनले सुनाईन ।

अहिले अर्काको खेतमा मजदुरी गरेर परिवार धान्दै आएकी उनले आर्थिक अभावले उपचार गर्न नसकेको लाचारी व्यक्त गरेकी छिन । १५/१६ वर्ष सम्मका हुदाँ छोरा स्वस्थ्य र फुर्तिलो भएपनि १७ वर्षको लाग्दा अचानक समस्या देखिन थालिएको उनले बताईन ।

रकम अभावमा बेलैमा उपचार गराउन नसकेर अहिले यसरी बाँधेर राख्नु परेको उनको भनाइ छ । खाटको छेउमा रहेको बासको खुट्टामा बाँधेर राखेको छोरालाई देखाउँदै उनले भनिन्- “गरिब भएपछी आफूले जन्माएको छोरालाई गाइबस्तु जसरी बाँधेर राख्नु परेको छ ।”

सम्पतीको नाममा उनको ३ धुरमा बनेको फुसको २ वटा झुप्रो छन । समस्या परेका बेला सोही जग्गा देखाएर उनले गाउँ कै एक बचत सहकारी संस्थाबाट ५ हजार ५ सय रुपैया ऋण सापटी पनि लिएकी छिन ।

उपचार पाए छोराको रोग निको हुन्थ्यो की भन्ने आशमा रहेकी उनले छोराको उपचारका लागी सबैसँग सहयोगको याचना गरेकी छिन । उनले सहयोगका लागी ९८११३४७४१९मा सम्पर्क गर्न समेत सबै संग आग्रह गरेकी छिन ।

## जसपाको कार्यसमिति चयनको जिम्मा अध्यक्षलाई

**दैनिक समाचारदाता**
**जनकपुर, ३२ जेठ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालको जनकपुरमा सम्पन्न महाधिवेशनले पदाधिकारी र केन्द्रीय कार्यसमिति चयनको जिम्मेवारी अध्यक्ष उपेन्द्र यादवलाई दिने निर्णय गरेको छ ।

बिहीबार दिउँसो निर्वाचनको तयारी भए पनि अन्तिममा सम्पूर्ण जिम्मेवारी अध्यक्ष यादवलाई दिने निर्णय गरेको हो । अध्यक्षमा भने यादव निर्विरोध निर्वाचित भइसकेका छन् ।

महाधिवेशनमा अध्यक्षबाहेक नेतृत्वका लागि बिहीबारका लागि तय भएको निर्वाचन तालिका स्थगित गरी सहमतिबाट चयन गर्ने निर्णय भएको हो । अध्यक्ष यादवले पार्टीका वरिष्ठ नेताहरूसँगको समूहमा छलफल गरी सबै पदमा सहमतिबाट चयन गर्ने महाधिवेशन प्रतिनिधि महेश चौरसियाले जानकारी दिए । उनका अनुसार अध्यक्षले पार्टीका नेताहरूबीच छलफल गर्ने नाम तय भएपछि महाधिवेशन हलबाट

*बाँकी तीन पृष्ठमा*

## महिला हिंसा विरुद्ध सचेत रहू

कोनो बहानामे शारिरीक, मानसिक, यौनजन्य, आर्थिक, सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक, सामाजिक एवम् राजनीतिक सहितके हिंसा दण्डनीय अइछ ।

बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रुण हत्या, प्रसूति हिंसा, दहेजके कारण कएल जायबाला हिंसा, डाइनजागिनके आरोप, जबर्जस्ती विवाह, वालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्केनाइँ, जिस्केनाइँ जँका कार्य महिला हिंसा छियै ।




एहेन घटना सब लगपासके अपन आ रिस्तेदार, परोसी, सङ्गी साथी, अनचिन्हार व्यक्तिस' व्यक्तिस' प्रत्यक्ष या अप्रत्यक्ष सामाजिक सञ्जालके माध्यमस' सेहो भ' सकैत अइछ । एहेन घटना भेला पर तुरन्त पुलिसके खबर करु, एहेन व्यक्तिके कानूनी दायरामे लाबल जाय । सभ्य समाज निर्माणमे अपन अपन ठामस' भूमिका निर्वाह करैमे नइँ चुकू ।

मधेश प्रदेश सरकार
आमसञ्चार

## सम्पादकीय

### बिटौरी जग्गा पीडितको समस्या समाधान कहिले हुने !

राजविराज नगर क्षेत्र भित्र दशकौंदेखी बसोवास गर्दै आएका नगरवासीहरुले जग्गाको स्वामित्य ग्रहण गर्न नसक्दा पीडित बन्दै आएका छन् । नगर क्षेत्रको ५ हजार भन्दा बढी परिवारले हालसम्म जग्गाधनी पूर्जा पाउन सकेका छैनन् । नगरपालिकामा वर्षेनी रसिद काटेर आफ्नो घर जग्गाको नविकरण गर्नुको बाहेकको विकल्प छैन । बाउबाजेको पालादेखि वसोवास गर्दै आएको उनीहरुको जग्गाको लालपूर्जा हालसम्म बन्न नसकेपछि बेघर जस्तै बनेका छन् । कुनै प्रयोजनका लागि जग्गा राखेर बैंकबाट ऋण समेत नलिने अवस्थामा छन् ती पीडितहरु ।

घरजग्गाको लालपूर्जा नबन्दा उनीहरु घरजग्गा हेरेर भएपनि आफैलाई सान्त्वना दिइरहेका छन् । जग्गा बिटौरी रसिदको आधारमा वर्षौदेखि घर तथा पसल लगायतका संरचना निर्माण गरी भोग चलन गर्दै आएकोले ती जग्गा अन्य कसैलाई बिक्रि समेत गर्न सक्दैन् ।

उक्त जग्गाको वर्षौदेखि नियमित कर लिने गरेको पालिकाले अहिले लालपुर्जा दिन इन्कार गर्नु कत्तिको इमान्दारिता हो ! यस्तो जटिल समस्याप्रति नगरपालिकाको मौनता कतिको न्योयोचित हो ! तसर्थ नगरपालिकाले यस्तो जटिल समस्यालाई समाधान गर्नेतर्फ पहल गरि नगरवासीलाई न्याय दिर्नेतर्फ गम्भिर बन्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामुहिक तरकारी खेतीबाट आत्मनिर्भर बन्दै हरवा चरवा महिला



**दैनिक समाचारदाता**
**राजविराज, ३२ जेठ ।**

बिहान नहुँदै हातमा कुटो कोदालो बोकेर सप्तरीको शम्भुनाथ नगरपालिका ७ भगवतपुर टोलका कलरीदेवी सदा खेतमा पुग्नुहुन्छ । बिहानको करिब तीन घण्टा खेतमा काम गरेपछि घरको दैनिक कामकाजमा व्यस्त हुन्छ उहाँ ।

कुनै बेला फुर्सदिला भएर त्यतिकै गाउँका महिलाहरुसँग अनावश्यक गफिएर बस्ने कलरीदेवीलाई अचेल एकछिन बसेर गफिन फुर्सद छैन् । ''के गर्नु बसेर कसैले दुई पैसा दिने होईन्, त्यसैले अहिले खेतीबारीमा व्यस्त हुन्छु", कलरीदेवी भन्नुहुन्छ''च्यस्गाउँका साहुसँग लिजमा जग्गा लिएर खेतीपाती गर्न थालेकी छु ।" यसबाट परिवारको गुजारा चलाउन पनि सहज भएको छ र आम्दानी पनि राम्रै भईहाल्छ, उहाँ भन्नुहुन्छ ।

केही बर्षअघिसम्म गाउँको साहुमहजनमा बनिबुतो गरी परिवारको गुजारा गर्दै आउनुभएका सोही ठाउँका सर्मिला सदालाई भने अचेल आफ्नै खेतमा काम गर्न भ्यान नभ्याई भईरहेको छ ।

समान्य लेखपढ गर्न समेत नजानेकी सर्मिलालाई अहिले बिहान हुने बितिकै तरकारीमा कतिबेला पानी हाल्ने र उत्पादन भएको तरकारी टिपेर गाउँ नजिकैको बजारहरुमा कतिबेला पुऱ्याउने भन्ने हतारो हुन्छ ।

दुईबर्षअघि सम्म पुँजीको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी सोनाबतीदेवी सदालाई पनि अहिले तरकारी खेती बरदान जस्तै साबित भएको छ ।

सोनाबतीले पनि गाउँकै साहु बिलेती साहसँग लिजमा दुई कठ्ठा जग्गा लिएर तरकारी खेती गर्दै आएको छ ।

आयआर्जनको ठोस आधार नपाउँदा केही बर्षअघि सम्म गाउँकै साहु महाजन कहाँ हरवा चरवाको रुपमा बहिबुतो गर्दै आएको बिगतको अतित सम्झिदै सोही टोलका मिनादेवी सदा भन्नुहुन्छ," पहिले ज्याला मजदुरीमा सँधै काम गरेर जिबिकोपार्जन गरिरहेको थिएँ, बाल बच्चाहरुलाई पालन पोषण गर्न धौ-धौ हुन्थ्यो ।"

हरवा चरवाको रुपमा काम गर्दा मात्र ३ किलो धान मात्र ज्याला पाउथ्ये, त्यसकारण परिरवार चलाउन समस्या हुन्थ्यो, मिनादेवी भन्नुहुन्छ," तर अब मेरो त्यो दुखको दिन कटेको छ ।" अहिले तरकारी खेतीबाट पाँच जना परिबारको गुजारा चलाएर छोराछोरीलाई पढाउँदै आएकी छु, उहाँको भनाई छ ।

यसरी कलरीदेवी, सर्मिला र सोनाबती मात्र होईन्, सो टोलका एक दर्जन हरवा चरवा दलित महिलाहरु सामुहिक तरकारी खेतीतर्फ अग्रसर हुन थालेका छन् ।

बिगतमा स्थानीय साहुमहाजनकोमा बनिबुतो गरेर परिवार चलाउँदै आएकी सो गाउँका दलित महिलाहरु पछिल्लो समय सामुहिक तरकारी खेतीमा जुटेका हुन् । सो गाउँका १३ जना हरवा चरवा दलित महिलाहरु १३ कठ्ठा जग्गा भाडामा लिएर सामुहिक तरकारी खेती सुरु गरेका छन् ।

दिनाराम दिनाभद्री हरवा चरवा बचत तथा ऋण समुह मार्फत बिगत दुई बर्षदेखि सामुहिक तरकारी खेती सुरु गरेका हरवा चरवा दलित महिलाहरुले स्थानीय भिखन बिलेती साहसँग जग्गा भाडाका लिएर मौसमी तरकारी खेती गर्दै आएको समुहका अध्यक्ष अमेरिकादेवी सदाले बताउनुभयो ।

अघिल्लो सिजनमा मकैसँगै घिरौला, भिन्डी लगायत करिब ३ क्विन्टल तरकारी उत्पादन गरी रु. ५० हजार आम्दानी भएको समुहका अध्यक्ष अमेरिकादेवीको भनाई छ ।

साहुँमहाजनकोमा मजदुरीमा मात्र सिमित रहँदै आएका सो गाउँका बिपन्न दलित महिलाहरु जिविकोपार्जन गर्न कठिन भएपछि आफ्नो आयआर्जनको लागि तरकारी खेतीतर्फ अग्रसर भएको स्थानीय श्याम सदाले बताउनुभयो । अहिले भिण्डी, करेला, झिगनी, बोडी, लौका, फर्सी, खुर्सानी लगायतका तरकारी उत्पादन गरिरहेको उहाँको कथन छ ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक केन्द्र सप्तरीले आवश्यक तालिमसँगै आर्थिक, प्राबिधिक लगायतका सहयोग गरेपछि आफुहरु सामुहिक तरकारी खेतीतर्फ अग्रसर भएको समुहका सदस्य सैन्कीदेवी सदाले बताउनुभयो ।

"हामीलाई तरकारी खेती बारे केही थाहा थिएन्", सैन्कीदेवी भन्नुहुन्छ," श्रीपुर्राज सामुदायिक केन्द्रले पहिला हामीलाई समुहमा आबद्ध गराएर तरकारी खेती बारे तालिम दियो ।" तालिम पश्चात सामुहिक तरकारी खेतीका लागि भाडामा जग्गा उपलब्ध गराउनुको साथै तरकारीको बिउबिजन र मलखाद्यको समेत त्यही संस्थाले व्यवस्थापन गरिदिएको छ, उहाँले भन्नुभयो ।

तरकारी खेतीका लागि जग्गासँगै बिउबिजन, मलखाद्य समेत व्यवस्था भएपछि समुहका महिलाहरु सामुहिक रुपमा तरकारी खेतीमा मिहिनेत गरेर आम्दानी गर्दै आएका छन् । तरकारी खेतीको लागि चाहिने सिंचाई गर्न बिद्युतीय मोटर समेत जडान गरिएको छ, जसका कारण तरकारी खेतीमा सहज भएको उहाँहरु बताउँछन् ।

पहिले घरमा फुर्सदमा रहेकाले आफूलाई दिन बिताउनु गाह्रो हुने गर्दथ्यो, व्यवसाय रुपमा तरकारी खेती गर्नुपर्छ भन्ने थाहा भएन उहाँ भन्नुहुन्छ," संस्थाबाट तालिम लिएको र घरपरिवारको राम्रो साथ पाएकाले आफूहरुले यो पेशा रोजेका हौं ।"तरकारी खेतीमा संलग्न भएपछि सानोतिनो समस्या टार्ने खर्च पुग्ने गरेको सैन्कीदेवीको भनाई छ ।

"महिलालाई आफूले कमाउने कुनै उपाय नभएको अवस्थामा अरुको भरमा बाँच्नुपर्दा जीवन अन्धकारजस्तो हुँदोरहेछ", सैन्कीदेवी भन्नुहुन्छ,''अहिले तरकारी फलेपछि पैसा आईहाल्छ, आफ्नो खर्चलाई अरुको निर्भर रहनु परेन् ।" आफ्नो मिहिनेत र परिश्रमले उत्पादन गरेको वस्तु उपभोक्तामाझ पुऱ्याउँदा व्यवसायमा उत्साह थपिँदै गएको उहाँले बताउनुभयो ।

पुरुषको तुलनामा महिलाको तरकारी खेतीमा उत्साह राम्रो देखिएको छ । घरव्यवहार चलाउने कार्यमा महिला नै प्रमुख भूमिकामा रहने हाम्रो समाजमा आयआर्जन बढाउने कार्यमा महिलाहरु पुरुषसरह नै व्यवसायमा मिहिनेत र परिश्रम गर्न पछाडि हट्दैनन् । घरधन्दा, छोराछोरीको स्याहारसुसारसँगै यहाँका महिलाले तरकारी व्यवसायलाई साथमै अगाडि बढाएर आत्मनिर्भर बन्दै गएका छन् ।

आर्थिक रुपमा बिपन्न र सामाजिक रुपमा बिभेदित हरवा चरवा दलित महिलाहरुलाई लक्षित गरी सशक्तिकरण अभियान सञ्चालन गरेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामले बताउनुभयो ।

पछिल्लो केही बर्षयता हरवा चरवा दलित महिलाहरुमा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले साकारात्म सन्देश दिएको सहजकर्ता रामको भनाई छ ।

''केही बर्षअघि सम्म साहुमहाजनमा मजदुरी गर्दै आएकाका चरवा चरवा परिबारका महिलाहरु सामुहिक तरकारी खेतीमा हौसिदै गएका छन्", सहजकर्ता राम भन्नुहुन्छ,'' पछिल्लो समय उहाँहरुले देखाएको उत्साहबाट पाठ सिकेर अन्य महिलाहरु अघि बढ्न सके आर्थिकसँगै समाजिक क्षेत्रमा समेत ठुलो परिवर्तन आउन सक्छ ।"

समुहमा आबद्ध भएका हरवा चरवा महिलाहरु तरकारी खेतीबाट भएको आम्दानीबाटै मासिक बचत समेत गर्दै आएका छन् । मासिक रु. एक सयका दरले बचत गर्दै आएका हरवा चरवा महिलाहरु समस्यामा परेका सदस्यहरुलाई न्यून ब्याजमा ऋण सापटी समेत दिदै आएको समुहका अध्यक्ष अमेरिकादेवीको कथन छ ।

# एमाले कसैसँग मोर्चाबन्दी नगरी एक्लै चुनाव लड्छ : अध्यक्ष ओली

भक्तपुर, ३२ जेठ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले आगामी निर्वाचन एमालेले एक्लै लडेर बहुमत ल्याउने दाबी गर्नुभएको छ ।

बिहीबार भक्तपुरमा आयोजित एमालेको नवौं जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथग्रहण कार्यक्रममा उहाँले आगामी निर्वाचनमा एमालेले कोहीसँग पनि मोर्चाबन्दी नगर्ने स्पष्ट पार्नुभयो ।

एमालेसँग बैचारिक सङ्घर्ष गर्न नसक्नेहरुले एमालेमाथि प्रहार गरिरहेको बताउँदै पूर्वप्रधानमन्त्री रहनुभएका एमाले अध्यक्ष ओलीले चुनावमा एक्लै जान आँट नहुनेहरुले मोर्चाबन्दी गर्ने गरेको आरोप लगाउनुभयो । उहाँले आगामी निर्वाचनमा एमालेले कोहीसँग मोर्चाबन्दी नगरी एक्लै चुनावमा गएर बहुमत ल्याउने दाबी गर्नुभयो ।

एमाले देशको निर्णायक शक्ति बन्न खोजेकाले त्यसो हुन नदिन चाहनेले एमालेविरुद्ध मित्थ्या आरोप लगाउने गरेको दाबी गर्नुभयो । अध्यक्ष ओलीले

*बाँकी तीन पृष्ठमा*

# अवैध व्यापार रोक्न भ्याट बिजकमा 'एचएस कोड' अनिवार्य

काठमाडौं, ३२ जेठ (रासस)।

भन्सार छली गरी अवैध मार्गबाट भित्रिने वस्तुको व्यापार नियन्त्रण गर्न सरकारले मूल्य अभिवृद्धि कर (भ्याट) बिजक जारी गर्दा 'हार्मोनाइज्ड कोड' (एचएस कोड) अनिवार्य उल्लेख गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याएको छ। अभिवृद्धि कर नियमावलीमा संशोधनमार्फत भ्याट बिल जारी गर्दा एचएस कोड अनिवार्य गरिएको हो।

एचएस कोड भनेको सामानको पहिचान (आइडेन्टिटी) नम्बर हो। मूल्य अभिवृद्धि कर (२६औं संशोधन) नियमावली, २०८१ को अनुसूची-५ र अनुसूची-६ संशोधन गरी बिजक जारी गर्दा एचएस कोड अनिवार्य गरिएको हो। नयाँ व्यवस्थाअनुसार बिजकको नयाँ ढाँचा राजपत्रमा प्रकाशित भइसकेको छ। मूल्य अभिवृद्धि करसम्बन्धी नियमावलीको अनुसूची-५ (ख) मा कर नयाँ बिजकको ढाँचा समावेश गरिएको छ।

उक्त ढाँचाको पहिलो कोठामा सिरियल नम्बर, दोस्रो कोठामा एचएस कोड र तेस्रो कोठामा विवरण उल्लेख गर्नुपर्ने प्रावधान राखिएको अर्थ मन्त्रालयको राजस्व महाशाखाका प्रमुख एवं सहसचिव धनिराम शर्माले जानकारी दिनुभयो। यसअघि बिजकको पहिलो कोठामा सिरियल नम्बर र दोस्रोमा विवरण उल्लेख गर्ने गरिएको थियो। उहाँका अनुसार बिजको नयाँ ढाँचाअनुसार अबदेखि बिजक जारी गर्दा एचएस कोडको सुरुको चार अङ्क अनिवार्य खुलाएको हुनुपर्नेछ।

नियमावलीको अनुसूची-६ संशोधन गरी निकासी भन्ने शब्दलाई परिमार्जन गरी निर्यात शब्द राखिएको शर्माले बताउनुभयो। नयाँ व्यवस्थाले वैध वा अवैध बाटोबाट आयातित सामान छुट्याउन सकिने र राजस्व वृद्धिमा उल्लेख्य सुधार हुने उहाँको भनाइ छ।

राजस्व महाशाखाका प्रमुख शर्माका अनुसार यो व्यवस्थाले आगामी दिनमा कुनै पनि सामान वैध 'च्यानल'बाट आएको हो वा होइन भन्ने छुट्याउन सजिलो हुनेछ। "बिजकमा बिक्री भएको सामानको एचएस कोड अनिवार्य गर्नुपर्ने व्यवस्थाले बजार अनुगमनका क्रममा अवैधरुपमा भित्रिएका सामान बिक्री वितरण भए/नभएको सजिलै छुट्याउन (ट्र्याक) गर्न सकिन्छ", उहाँले भन्नुभयो, "कुन सामान भन्सारको बाटो भएर आएको हो र कुन सामान भन्सार छली गरी आयात गरिएको हो छुटयाउन सकिने भएकाले राजस्व सङ्कलनमा समेत यो व्यवस्थाले सकारात्मक नतिजा आउने छ।"

यही जेठ १६ गतेदेखि नयाँ व्यवस्था कार्यान्वयनमा आइसकेको शर्माले जानकारी दिनुभयो। योसँगै व्यक्तिगत प्रयोजनका नाममा अनौपचारिक माध्यामबाट ल्याएर बजारमा बिक्री गर्ने प्रवृत्तिसमेत निरुत्साहित हुने विश्वास अर्थ मन्त्रालयको छ।

"खास गरी विदेश भ्रमण वा रोजगारीबाट फर्कनेले घरायसी प्रयोजनका लागि ल्याउन पाउने सुविधा प्रयोग गरी सुनचाँदीका गहना, मोबाइल, ल्यापटप, टिभी, क्यामेरा, घडी, मदिरा र कपडालगायत सामान बजारमा बेच्ने प्रवृत्ति थियो", राजस्व महाशाखाका प्रमुख शर्माले भन्नुभयो, "यसरी सामान ल्याएर बिक्री गर्ने व्यक्ति र व्यवसायीमाथि समेत कारबाही हुनेछ।"

अनलाइन बिलिङ प्रणालीमार्फत आयातित सामान तथा आन्तरिक खपतको तथ्याङ्क सङ्कलनमा समेत नयाँ व्यवस्थाले सहज हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो।

### *एमाले कसैसँग ...*

एमाले एक्लैले बहुमत ल्याउनेगरी मिसन-८४ को अभियानमा होमिएको भन्दै आफ्नो शक्तिमा बहुमत बनाउने, एकल बहुमत ल्याएर अरूलाई पनि औंलामा डोऱ्याएर हिँड्ने र हातेमालो गरेर देशको विकासमा लम्किने बताउनुभयो।

अध्यक्ष ओलीले अध्यक्ष ओलीले फाटो ल्याउने, विभाजन र गुटबन्दी गर्नेलाई पार्टीभित्र ठाउँ नभएको बताउनुभयो। उहाँले पार्टीभित्र आन्तरिक सङ्घर्ष गरेर नभई एकताबद्ध भएर मिसन-८४ सफल पार्न निर्वाचितहरुलाई निर्देशन दिनुभयो।

### *जसपाको कार्यसमिति ...*

त्यसलाई अनुमोदन हुनेछ।

अध्यक्षबाहेकका पदमा नेताहरुबीच तीव्र प्रतिस्पर्धा थियो। जसपा नेपालमा २१ जना पदाधिकारीसहित दुई सय एक सदस्यीय केन्द्रीय समिति चयन हुनेछ।


## राजविराज नगरपालिका

### ३ नं. वडा कार्यालय

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नं: ५५६

मिति २०८१।०२।३२

विषय : सूचना सूचना सूचना

३ नं वडा कार्यालय रा.बि.न.पा. बाट जारी भएको सूचना

जिल्ला सप्तरी, राजविराज नगरपालिका साविक वार्ड नं ४ हाल वार्ड नं ३ बस्ने शिव कुमार साह र राजेश कुमार साहले संयुक्तनाममा तपसिलका जग्गा नामसारी दर्ता गर्न सिफारिस गरि पाउं भनी मिति २०८१।०२।३१ मा द.न.४८९ को निवेदन दिएको हुंदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराईन्छ।

तपसिल

जि.स.रा.वि.न.पा. वा.नं ३ बस्ने स्व.श्रीमती बद्री देवी सोनानी नाउँ दर्ताको जग्गा

| जिल्ला | गा.बि.स । न.पा. | वडा नं. | कि. नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ४ | २४७ | ०-०-१० |
| सप्तरी | राजविराज | ६ | ८०४ | ०-०-४ १/२ |
| सप्तरी | राजविराज | ६ | १८०१ | ०-०-२ १/४ |

अनिल कुमार दास
वडा अध्यक्ष

अनिल कुमार दास
वडा अध्यक्ष
रा.बि.न.पा. वडा नं. ३



## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं। साथमा पानीको बोतल राख्ने गरौं।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं। जानै परे सुरक्षित भएर मात्र जाऔं।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं।
- हल्का रंगको सुतिको कपडा लगाऔं।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- गर्मीको समयमा झुलभित्र सुतौं। झ्याल ढोकामा जाली लगाऔं।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं।
- खानेपानी सधैं छोपेर राखौं।
- दिसापिसाब चर्पीमा मात्र गरौं।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं।

**अनुरोधकर्ता**
**बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

### हुथी समुहद्वारा ढुवानी जहाजमा बारम्बार मिसाइल आक्रमण

दुबई, ३२ जेठ (रासस/एएफपी)।

यमनका हुथी विद्रोहीहरूले बिहीवार एडनको खाडीमा बल्क कार्गो क्यारियरमा दुई क्रुज मिसाइल प्रहार गरेको अमेरिकी सेनाले जनाएको छ। "एम/भि भर्बेना-पलाउआन-झण्डा भएको, युक्रेनी स्वामित्वमा रहेको, पोल्यान्डद्वारा सञ्चालित जहाजमा क्षति र त्यसपछिको आगलागी भएको रिपोर्ट गरिएको छ। आक्रमणको क्रममा एक जना जहाज सञ्चालक गम्भीर घाइते हुनुभएको छ", युएस सेन्ट्रल कमान्ड (सेन्टकम) ले एक विज्ञप्तिमा जानकारी गरायो।

हुथीहरूले गाजा पट्टीमा चलिरहेको इजरायल-हमास युद्धको क्रममा प्यालेस्टिनीहरूसँग एकतामा रहेको बताउदै नोभेम्बर २०२३ देखि लाल सागर र एडनको खाडीमा पानीजहाजहरूलाई लक्षित आक्रमण गर्दै आएका छन्। यसले अन्तर्राष्ट्रिय ढुवानीमा ठूलो अवरोध ल्याएको छ।

हुथि समूहले बिहीवार गाजा पट्टीमा जनता विरुद्ध गरिएको अपराधको प्रतिशोधमा र आफ्नो देश विरुद्धको अमेरिकी-ब्रिटिश आक्रमणको प्रतिक्रियामा विगत २४ घण्टाभित्र भर्बेनासहित तीनवटा जहाजहरूमा आक्रमण गरेको बताएका छन्। यसैबीच संयुक्त राज्य मेरिटाइम ट्रेड अपरेसन (युकेएमटीओ) ले यमनको विद्रोहीको कब्जामा रहेको होडेडा बन्दरगाहबाट करिब ८० नटिकल माइल उत्तरपश्चिम लाल सागरमा व्यापारिक जहाज नजिकै विस्फोट भएको बताएको छ।

सेन्टकमका अनुसार पछिल्लो २४ घण्टामा हुथीहरूसँग सम्बन्धित एक एयर डिफेन्स सेन्सर, दुई गस्ती डुङ्गाहरू र समुद्री र हवाई ड्रोनहरू नष्ट गरेको बताइएको छ। सन् २०१४ मा सानाबाट सरकारलाई अपदस्थ गरेपछि हुथीहरूले नोभेम्बरदेखि लाल सागर र एडनको खाडीमा ढुवानी जहाजहरूमा ड्रोन र मिसाइल आक्रमण सुरु गरेका हुन्।

हुथीहरूले बुधबार होडेडाको दक्षिणपश्चिममा लाइबेरियाको झण्डा भएको बल्क ढुवानी जहाजलाई प्रहार गरेका थिए। उनीहरूले हमलामा समुद्री र हवाई ड्रोनका साथै ब्यालेस्टिक मिसाइलहरू प्रयोग गरेको दावी गरेका छन्। "गाजामा प्यालेस्टिनीहरूको पक्षमा रहेको दाबी गर्दै द्वन्द्वसँग कुनै सम्बन्ध नभएका तेस्रो देशका नागरिकहरूको जीवनलाई लक्षित आक्रमण र धम्की दिइरहेका छन्" सेन्टकमले बिहीबार हुथीहरूलाई आरोप लगायो।

### कुवेत आगलागीमा ज्यान गुमाएका ४५ भारतीयको पार्थिव शरीर स्वदेश फिर्ता ल्याउदै

कुवेत, ३२ जेठ (रासस/एएनआइ)।

कुवेतको श्रम आवासमा आगलागी हुँदा ज्यान गुमाएका ४५ जना भारतीय नागरिकको पार्थिव शरीर बोकेको भारतीय विशेष वायुसेना विमान शुक्रबार बिहान कोच्चिका लागि उडेको कुवेतस्थित भारतीय दूतावासले जनाएको छ। "कुवेतमा आगलागीको घटनामा ज्यान गुमाएका ४५ जना भारतीयको पार्थिव शरीर बोकेको विशेष आईएएफ विमान कोच्चिका लागि उडेको छ", भारतीय दूतावासले सामाजिक सञ्जाल एक्समार्फत जानकारी गरायो।

"जसले कुवेतका अधिकारीहरूसँग समन्वय गरेर छिटो स्वदेश फिर्ता सुनिश्चित गर्नुभएको भारतको विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंह पनि सोही विमानमा सवार हुनुहुन्छ", विज्ञप्तिमा भनिएको छ। आगलागीमा ज्यान गुमाउने ४५ जना भारतीयमध्ये २३ जना केरलाका बासिन्दा थिए। यस घटनाले कुवेत र भारत दुवै समुदायमा शोकको लहर निम्त्याएको छ।

आगलागीमा तमिलनाडुबाट सात, आन्ध्र प्रदेशबाट तीन, बिहार, ओडिशा, कर्नाटक, महाराष्ट्र, उत्तर प्रदेश, झारखण्ड, हरियाणा, पञ्जाब र पश्चिम बङ्गालबाट एकचस-एक जनाका साथै केरलाका २३ जना भारतीय नागरिकले ज्यान गुमाएका छन्। कुवेतका अधिकारीहरूले आगलागीको कारण पत्ता लगाउन र प्रभावित परिवारलाई सहयोग गर्न अथक प्रयास गरिरहेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले गहिरो शोक व्यक्त गर्दै दुर्घटनाबाट प्रभावितहरुलाई सबै सम्भव सहयोग गर्ने आश्वासन व्यक्त गर्नुभएको छ।

भारतको विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले जुन १३ मा कुवेतको अस्पताल भ्रमण गर्नुभएको थियो जहाँ उहाँले मङ्गाफमा दुःखद् आगलागीको घटनापछि उपचार गराइरहेका भारतीय नागरिकहरूसँग कुराकानी गर्नुभयो। उहाँको भ्रमणले विदेशमा रहेका आफ्ना नागरिकहरूको कल्याण सुनिश्चित गर्ने भारतको प्रतिबद्धतालाई जोड दिन्छ र सङ्कटको समयमा अन्तर्राष्ट्रिय सहयोगको महत्त्वलाई प्रकाश पार्छ।

### आगलागीमा चार वन अधिकारीको मृत्यु

नयाँदिल्ली, ३२ जेठ (रासस/सिन्ह्वा)।

उत्तरी भारतीय राज्य उत्तराखण्डको वन्यजन्तु आरक्षणमा भएको आगलागी निभाउँदा चार जना वन अधिकारीहरूको मृत्यु हुनुका साथै अन्य चार जना जलेको अधिकारीहरूले शुक्रबार बताएका छन्।

उत्तराखण्डको राजधानी सहर देहरादुनबाट करिब तीन सय ७० किलोमिटर पूर्वमा रहेको अल्मोरा जिल्लाको सिभिल सोयाम वन डिभिजन अन्तर्गत रहेको बिनसर वन्यजन्तु आरक्षणमा आगलागी भएको उनीहरूले बताएका छन्।

वन विभागका अधिकारीहरूका अनुसार बिहीवार साँझ आगो निभाउन आठ सदस्यीय टोली घटनास्थलमा पुगेको थियो। यद्यपि, तीव्र हावाले आगोको आगोलाई बढायो, जसको परिणामस्वरूप टोलीका चार सदस्यहरूको मृत्यु भयो र अन्य चार जना गम्भीर रूपमा जलेका थिए। घाइतेहरूलाई एयरलिफ्ट गरेर अस्पताल लगिएको छ। उत्तराखण्ड मुख्यमन्त्री पुष्कर सिंह धामीले घटनाप्रति दुःख व्यक्त गर्दै बिनसर वन्यजन्तु आरक्षणमा लागेको आगलागी तत्काल नियन्त्रण गर्न वायुसेनाको सहयोगमा वन विभागका शीर्ष अधिकारीलाई निर्देशन दिएका छन्।

अधिकारीहरूले राज्यमा वनमा लागेको आगोको पुनरुत्थानको श्रेय गर्मी र सुख्खा मौसमलाई दिएका छन्। उत्तराखण्ड वन फायर बुलेटिनलाई उद्धृत गर्दै रिपोर्टले विगत २४ घण्टामा सात घटनाहरू रिपोर्ट अनुसार ४.५ हेक्टर वन प्रभावित भएको छ।

# गणतन्त्रप्राप्तिपछि देश विकासमा फड्को : अध्यक्ष डा राउत

काठमाडौं, ३२ जेठ (रासस)।

जनमत पार्टीका अध्यक्ष डा चन्द्रकान्त (सिके) राउतले गणतन्त्रप्राप्तिपछि देशको विकासले फड्को मारेको बताउनुभएको छ।

गणतन्त्र दिवस-२०८१ को अवसर पारेर राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको 'गणतन्त्रका उपलब्धिः समृद्धिका लागि पूर्वाधार' शीर्षकको तस्बिर प्रदर्शनीको शुक्रबार यहाँ अवलोकनपश्चात् अध्यक्ष डा राउतले गणतन्त्रपछिको उपलब्धिलाई राससमा प्रदर्शित तस्बिरले चित्रित गरेको उल्लेख गर्नुभयो।

"गणतन्त्रप्राप्तिपछिको उपलब्धिलाई समेटेर राससले गरेको तस्बिर प्रदर्शनी आफैमा महत्वपूर्ण छ। यसले गणतन्त्रपछि विकास र आर्थिक समृद्धिको यात्रामा मुलुक अगाडि बढेको छ भन्ने सन्देश दिएको छ", अध्यक्ष डा राउतले भन्नुभयो, "गणतन्त्र आइसकेपछि यसका बारेमा नयाँ पुस्तामा गणतन्त्रको विरुद्धमा भास्यहरू सिर्जना गर्ने काम भइरहेका छन्। अनेक भ्रम फैलाएर निराशाको वातावरण सिर्जना गर्ने काम भएको छ। त्यस्तो पृष्ठभूमिमा राससको तस्बिर प्रदर्शनीले सकारात्मक भूमिका खेल्ने मैले अपेक्षा गरेको छु।"

विगत एक दशकको तुलना गर्दा नेपालको जलविद्युत्, शिक्षालगायत क्षेत्रमा तीव्र गतिमा विकास भइरहेको र एक किसिमले देशको विकासले फड्को मारेको अध्यक्ष डा राउतको भनाइ थियो। उहाँले गणतन्त्र प्राप्ति पछिको समयमा विकास र पूर्वाधारको क्षेत्रमा कति प्रगति भएको छ, भन्ने विषयलाई पनि राससको तस्बिर प्रदर्शनीले उजागर गरेको उल्लेख गर्नुभयो।

"विगतमा दुर्गम क्षेत्रसम्म सडक सञ्जाल पुगेको थिएन। नागरिकहरू कुनाकाप्चामा छरपष्ट रुपमा बसेका थिए। सडकले नागरिकको सम्बन्धलाई जोडेको छ", अध्यक्ष डा राउतले भन्नुभयो- "भौतिक पूर्वाधारहरू थपिँदै गएका छन्। प्रादेशिक गौरवका योजना पनि बने। यि सबै यस अगाडिको शासनकालमा बन्न सकेका थिएनन। यसलाई राससद्वारा प्रदर्शित तस्बिरहरूले प्रष्ट पार्ने काम गरेको छ।"

विगत दुई सय वर्षमा जति सडक सञ्जाल निर्माण गरिएको थियो त्योभन्दा कयौं गुणा यो पछिल्लो ६, ७ वर्षमा तीन तहका सरकार आइसकेपछि बनेका उहाँले बताउनुभयो। गाउँघरमा सडक, शिक्षा, स्वास्थ्यलगायत नागरिकका आधारभूत सेवा सुनिश्चित भएको सन्दर्भमा गणतन्त्रको सकारात्मक उपलब्धिप्रति खासगरी नयाँ पुस्ताले चासो राख्नुपर्ने अध्यक्ष डा राउतको भनाइ थियो।

रासस केन्द्रीय कार्यालय भद्रकाली आउनुहुँदा अध्यक्ष डा राउतलाई राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा, महाप्रबन्धक सिद्धराज राई, प्रधानसम्पादक उत्तम सिल्वाल, प्रमुख समाचारदाता एकराज पाठक, रासस सञ्चालक समितिका सदस्य कृष्ण अधिकारी, प्रशासन प्रमुख शीतलप्रसाद महतोलगायतले प्रदर्शनीमा राखिएका तस्बिरका बारेमा जानकारी गराउनुभएको थियो।

यही जेठ १० गतेदेखि सुरु भएको उक्त प्रदर्शनीमा मुलुकका तीनवटै तहका सरकारले आफ्नो सीप, जनशक्ति र पुँजी तथा छिमेकीका साथै अन्य मित्रराष्ट्रसमेतका सहायतामा निर्मित एवं निर्माणाधीन राष्ट्रिय तथा प्रादेशिक गौरवका आयोजनाका ९५ तस्बिर समावेश छन्। विसं २०७२ को 'गोरखा भूकम्प'बाट भत्किएका ऐतिहासिक धरोहरको पुनःनिर्माणपछिका संरचना, मानवीय विकास, शिक्षा, स्वास्थ्य, उद्योग, सडक, सिँचाइ, खानेपानी, विद्युत् उत्पादनलगायत विषयमा सङ्कलन गरी राससबाट सम्प्रेषित तस्बिर प्रदर्शनीमा राखिएका छन्।




अनुरोधकर्ता
हनुमाननगर कंकालिनी नगर कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




अनुरोधकर्ता
राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*